# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०१।२४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

महेन्द्रोदय माध्यमिक विद्यालय, षडानन्द नगरपालिका वडा नं. १४, भोजपुरका निम्न माध्यमिक तहका शिक्षक मनोज कुमार बुढाले शिक्षक सेवा आयोगले पूर्वाञ्चल विकासक्षेत्रको लागि निम्न माध्यमिक तहको सामाजिक विषयको शिक्षकका लागि गरेको विज्ञापनमा परीक्षा दिने क्रममा अन्तर्वार्ताको लागि छुट्याइएको २५ अङ्कमध्ये १२ अङ्क सेवा गरेबापत पाउनेमा कुनै पनि विद्यालयमा सेवा नगरी किर्ते अनुभवको कागजात बनाई निम्न माध्यमिक तहको शिक्षकमा पूर्वाञ्चल विकास क्षेत्रमा पोष्टिङ्ग भएकोले छानबिन गरी कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षक मनोज कुमार बुढाले श्री मान्ने ढुङ्गा उच्च माध्यामिक विद्यालय, टालेगाँउ, जाजरकोटबाट राष्ट्रसेवकको ओहदा पाउने उद्देश्यले आफूले नियुक्ति नै नपाएको निम्न माध्यमिक तहको शिक्षक पदमा नियुक्ति पाएको भनी झुट्टा एवं नक्कली कागजात बनाई/बनाउन लगाई पेश गरी महेन्द्रोदय माध्यमिक विद्यालय, भोजपुरमा निम्न माध्यमिक तृतीय तहको शिक्षक पदमा नियुक्ति भई सरकारी लाभ समेत लिएको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा निजलाई सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन तथा शिक्षक बाल्मिकी प्रसाद सिंहले श्री मान्ने ढुङ्गा उच्च माध्यमिक विद्यालय, टालेगाउँ, जाजरकोटमा प्रधानाध्यापक रहँदा मनोज कुमार बुढालाई गैरकानूनी लाभ तथा नेपाल सरकारलाई हानि पुऱ्याउने बदनियतले झुट्टा एवं नक्कली अस्थाई नियुक्ति दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा निज बाल्मिकी प्रसाद सिंहलाई सोही ऐनको दफा ९ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता